# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, माघ ८ गते, २०८२ साल (संख्या ५९

# भाग ३

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर ३६

### वन (तेस्रो संशोधन) नियमावली, २०८२

वन नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

वन ऐन, २०७६ को दफा ८३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "वन (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **वन नियमावली, २०७९ को नियम २ मा संशोधन** : वन नियमावली, २०७९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छ :-

"(ण) "विकास आयोजना" भन्नाले ऐनको दफा ४२ बमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (२) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्ले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) पछि देहायका उपनियम (२क), (२ख), (२ग), (२घ), (२ङ), (२च), (२छ), (२ज) र (२झ) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(२क) उपनियम (२) बमोजिमको राष्ट्रिय सुरक्षाको लागि राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न सम्बन्धित सुरक्षा निकायले देहायका विवरण तथा कागजात समावेश गरी सम्बन्धित विषयगत मन्त्रालय मार्फत मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ :-

(क) सम्बन्धित विषयगत मन्त्रालयबाट राष्ट्रिय सुरक्षाको लागि अत्यावश्यक भएको निर्णय सहितको सिफारिस,

(ख) माग गरेको स्थान र चारकिल्ला,

(ग) जिपिएस कोअर्डिनेट सहितको नक्सा ।

(२ख) उपनियम (२क) बमोजिम अनुरोध भई आएमा स्थलगत प्रतिवेदनसहित डिभिजनल वन अधिकृतको राय तथा उपभोक्ता समूहबाट व्यवस्थापन गरिएको वनको क्षेत्र भए त्यस्तो समूहको कार्य समितिको निर्णय समेत समावेश गरी विभागको राय पठाउन मन्त्रालयले विभागमा लेखी पठाउनु पर्नेछ ।

(२ग) उपनियम (२क) र (२ख) बमोजिमको विवरण तथा कागजात र विभागको राय अध्ययन गर्दा राष्ट्रिय सुरक्षाको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपलब्ध गराउन आवश्यक देखेमा सुरक्षा निकायले पालना गर्नुपर्ने सर्त तोकी सोको पालना गर्ने प्रतिबद्धताको लागि मन्त्रालयले सुरक्षा निकायलाई लेखी पठाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२घ) उपनियम (२ग) बमोजिम सम्बन्धित सुरक्षा निकायको मुख्यालयको निर्णयबाट प्रतिबद्धता प्राप्त भएमा प्रयोग गर्न दिने राष्ट्रिय वनक्षेत्रको ठेगाना, क्षेत्रफल र पालना गर्नुपर्ने सर्तसहित मन्त्रालयले त्यस्तो वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गर्नेछ।

(२ङ) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस नियम बमोजिम उपलब्ध गराइने वन क्षेत्रको रुख हटाउनु पर्ने भएमा विभागको स्वीकृतिमा डिभिजन वन कार्यालयले रुख हटाउन अनुमति दिन सक्नेछ।

(२च) उपनियम (२ङ) बमोजिम रुख हटाउँदा उत्पादन भएको वन पैदावार डिभिजन वन कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ ।

(२छ) उपनियम (२ङ) बमोजिम हटाइएका रुख सङ्ख्याको पाँच गुणाको दरले डिभिजन वन कार्यालयले तोकेको स्थानमा सम्बन्धित सुरक्षा निकायले वृक्षारोपण गर्नु पर्नेछ।

(२ज) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वन क्षेत्रभित्र राष्ट्रिय सुरक्षाका लागि तालिम र स्थलगत अभ्यास गर्नुपर्ने भएमा जिल्ला सुरक्षा समितिको सिफारिसमा डिभिजनल वन अधिकृतले चार किल्ला तथा समयावधि तोकी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वन, वनस्पति र वन्यजन्तुलाई हानि नोक्सानी नपुऱ्याउने सुनिश्चित गराई अस्थायी रूपमा तालिम र स्थलगत अभ्यास सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(२झ) उपनियम (२ज) बमोजिमको तालिम र स्थलगत अभ्यास सञ्चालन गर्दा सम्बन्धित स्थानीय सर्वसाधारणलाई सूचना तथा जानकारी दिनु पर्नेछ ।"

४. <u>**मूल नियमावलीको नियम १० मा संशोधन**</u> : मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (२) मा रहेका "विभागमा पेस गरी सोको जानकारी निर्देशनालयलाई गराउनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "निर्देशनालयमा पेस गर्नु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "विभागले" भन्ने शब्दको सट्टा "निर्देशनालयले" भन्ने शब्द र "मन्त्रालयमा" भन्ने शब्दको सट्टा "प्रदेश मन्त्रालयमा" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (४) मा रहेका "मन्त्रालयले त्यस्तो रुख हटाउन स्वीकृति दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "प्रदेश मन्त्रालयले स्वीकृति दिन सक्नेछ र सोको जानकारी विभागलाई गराउनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (५) मा रहेका "मन्त्रालय समक्ष" भन्ने शब्दहरूको सट्टा "प्रदेश मन्त्रालयसमक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

५. **<u>मूल नियमावलीको नियम २१ मा संशोधन</u>** : मूल नियमावलीको नियम २१ को उपनियम (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर एकभन्दा बढी प्रदेशमा काठ, दाउराको बिक्री वितरण गर्ने उद्देश्यले तयार गरिएको कार्ययोजना भएमा विभागको सहमति लिनु पर्नेछ ।"

६. **<u>मूल नियमावलीको नियम २३ मा संशोधन</u>** : मूल नियमावलीको नियम २३ को,-

(१) उपनियम (१) मा रहेका "मन्त्रालयको निर्णयको आधारमा" भन्ने शब्दहरूको सट्टा "विभागको निर्णयको आधारमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका परम्परादेखि चलिआएका राष्ट्रिय जात्राको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रोयल्टी मिनाहा गरी आवश्यक पर्ने काठ उपलब्ध गराउन सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **<u>मूल नियमावलीको नियम २५ मा संशोधन</u>** : मूल नियमावलीको नियम २५ को,-

(१) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्कलनका लागि छपान तथा मूल्याङ्कन गरिसकेपछि प्रदेश मन्त्रालयको सचिवको सहमतिमा स्वीकृत कार्ययोजना बमोजिम मूल्याङ्कनका आधारमा खडै वा प्राकृतिक प्रकोपका कारण ढलापडा रहेको भए सोही अवस्थामा यस नियम बमोजिम लिलाम गर्न सकिनेछ ।"

(२) उपनियम (७) मा रहेको "खडै" भन्ने शब्दको सट्टा "खडै वा ढलापडा अवस्थामा" भन्ने शब्दहरू राखिएका छन् ।

८. **<u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३२ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका गैरकाष्ठ वन पैदावार प्रशोधन नगरी विदेश निकासी गर्दा विभागको स्वीकृति लिनु पर्नेछ।"

९. **<u>मूल नियमावलीको नियम ३३ मा संशोधन</u>** : मूल नियमावलीको नियम ३३ को उपनियम (२) को खण्ड (ग) को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपखण्ड (१) मा रहेको "सात" भन्ने शब्दको सट्टा "पाँच" भन्ने शब्द राखिएको छ।

(२) उपखण्ड (२) मा रहेको "पाँच" भन्ने शब्दको सट्टा "दुई" भन्ने शब्द राखिएको छ।

(३) उपखण्ड (३) मा रहेको "तीन" भन्ने शब्दको सट्टा "एक" भन्ने शब्द राखिएको छ।

(४) उपखण्ड (४) मा रहेको "चार" भन्ने शब्दको सट्टा "एक" भन्ने शब्द राखिएको छ।

**१०. मूल नियमावलीको नियम ३६ मा संशोधन :** मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छ :-

"**३६. जोखिमयुक्त रुखको व्यवस्थापन :** (१) वनक्षेत्रभन्दा बाहिर जग्गाधनी प्रमाणपुर्जा भएका वा नभएका सरकारी कार्यालय, समिति, संस्थान वा अन्य कार्यालय परिसरमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई सम्बन्धित कार्यालय प्रमुखको संयोजकत्वमा स्थानीय तहको सम्बन्धित वडाको प्रतिनिधि सदस्य र नापी कार्यालयको प्राविधिक कर्मचारी सदस्य रहेको समितिको सिफारिसको आधारमा सम्बन्धित कार्यालयले त्यस्तो रुख हटाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) वनक्षेत्रभन्दा बाहिर रहेका चौतारा, चौपारी, बिसौना, बाटो किनार, पानीको मुहान, धार्मिकस्थल वा यस्तै प्रकृतिको अन्य सार्वजनिकस्थलमा जोखिमको अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई सम्बन्धित स्थानीय तहले त्यस्तो रुख हटाउन सक्नेछ।

(३) उपनियम (१) बमोजिम हटाइएका रुखबाट सम्बन्धित कार्यालयले प्राप्त गर्ने वन पैदावार र उपनियम (२) बमोजिम हटाइएका रुखबाट स्थानीय तहले प्राप्त गर्ने वन पैदावार सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचना जारी गरी लिलाम बिक्री गर्न सक्नेछ । त्यसरी लिलाम बिक्री गरी प्राप्त रकम राजस्व खातामा दाखिला गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम बिक्री गरिएको वन पैदावार ओसारपसार गर्नु परेमा सम्बन्धित कार्यालय वा सम्बन्धित स्थानीय तहको सिफारिस बमोजिम ओसारपसार गर्न सकिनेछ ।

तर एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयको टाँचा र सिल प्रयोग गर्नु पर्नेछ ।

(५) वन क्षेत्रभित्रको रुख प्राकृतिक कारणले ढली वा बगेर गई कुनै सार्वजनिक बाटो, लोकमार्ग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विद्युत लाइन, खानेपानी, ढल निकास, कुलो वा खोला आदिमा अवरोध हुन गएमा सम्बन्धित निकाय वा स्थानीय तहले त्यस्तो रुख यथाशीघ्र हटाई सुरक्षित स्थानमा घाटगड्डी गरी डिभिजनल वन अधिकृतलाई जानकारी गराउनु पर्नेछ ।

(६) वन क्षेत्रभित्र रहेका विद्युत प्रसारण लाईन वा टेलिफोन टावर वा सडक आगमन वा हवाई सुरक्षाका दृष्टिकोणले जोखिममा रहेका रुखको हाँगा वा टुप्पो काट्नु पर्ने वा रुख नै हटाउनु पर्ने अवस्था भएमा सम्बन्धित आयोजना वा निकायले डिभिजनल वन कार्यालयलाई जानकारी गराई हाँगा वा टुप्पो काट्न वा रुख हटाउन सक्नेछ।

(७) उपनियम (५) वा (६) बमोजिम प्राप्त वन पैदावार डिभिजनल वन अधिकृतले यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी व्यवस्थापन गर्नु पर्नेछ।"

११. **मूल नियमावलीको नियम ३७ मा संशोधन :** मूल नियमावलीको नियम ३७ को सट्टा देहायको नियम ३७ राखिएको छ :-

"३७. **कार्यालय परिसरमा रहेका रुख हटाउने सम्बन्धी व्यवस्था** : (१) जग्गाधनी प्रमाणपुर्जा भएका सरकारी कार्यालय, समिति, संस्थान तथा अन्य कार्यालयको कार्यालय परिसरभित्र कुनै संरचना बनाउनु पर्ने भई त्यस्तो परिसरभित्र रहेका रुख हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालय वा निकायले कम्तीमा राजपत्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनङ्कित प्रथम श्रेणी वा सो सरहको वन सेवाको कर्मचारीबाट मूल्याङ्कन गराई आफ्नो एक तह माथिको निकायबाट सहमति लिई हटाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको जग्गा वन क्षेत्रसँग जोडिएको भएमा नापी कार्यालयबाट नापजाँच गराउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम हटाइने रुखहरू सम्बन्धित कार्यालयले खडा रूपमा नै लिलाम बिक्री गरी वा कटान गरी उत्पादित वन पैदावारको लिलाम बिक्री वा व्यवस्थापन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम लिलाम बिक्री गरिएको वन पैदावार ओसारपसार गर्नु परेमा डिभिजन वन कार्यालयको अनुमति लिई टाँचा र सिल लगाई ओसारपसार गर्नु पर्नेछ ।"

१२. **<u>मूल नियमावलीको नियम ४६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४६ को उपनियम (१४) को

ठाउँ ठाउँमा रहेका "नयाँ" भन्ने शब्द पछि "वा संशोधित" भन्ने शब्दहरू राखिएका छन्।

१३. **<u>मूल नियमावलीको नियम ४८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४८ को उपनियम (७) मा रहेका "निर्देशनालय मार्फत प्रदेश मन्त्रालयको स्वीकृति लिई" भन्ने शब्दहरूको सट्टा "निर्देशनालयबाट नियम अनुसार चेकजाँच भएपछि" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. **<u>मूल नियमावलीको नियम ४९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ४९ को उपनियम (४) मा रहेको "लघु उद्यमका" भन्ने शब्दहरूको सट्टा "लघु उद्यम वा घरेलु उद्योगका" भन्ने शब्दहरू राखिएका छन् ।

१५. **<u>मूल नियमावलीको नियम ५१ मा संशोधन</u>** : मूल नियमावलीको नियम ५१ को,-

(१) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपभोक्ता समूहले आफैं वा स्थानीय तह वा सङ्घ संस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा संरक्षित क्षेत्र बाहिर वन्यजन्तु पालन गर्नको लागि ऐनको दफा ३४ को उपदफा (३) बमोजिम मन्त्रालयले तोकेको मापदण्डका आधारमा उपभोक्ता समूहले छुट्टै कार्ययोजना बनाई सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस संलग्न गरी स्वीकृतिका लागि विभागसमक्ष पेस गर्नु पर्नेछ ।"

(२) उपनियम (६) पछि देहायका उपनियम (७), (८), (९) र (१०) थपिएका छन् :-

"(७) उपनियम (६) बमोजिम प्राप्त कार्ययोजना प्रचलित कानून बमोजिमको मापदण्ड अनुकूल भए नभएको जाँच गरी मापदण्ड अनुकूल भएको देखिएमा तिस दिनभित्र स्वीकृत गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उपनियम (७) बमोजिम कार्ययोजना स्वीकृत गर्न नमिल्ने देखिएमा विभागले तिस दिनभित्र कारणसहितको जानकारी दिनु पर्नेछ ।

(९) उपनियम (७) बमोजिम कार्ययोजना स्वीकृत भएपछि प्रचलित कानून बमोजिम इजाजत दिने निकायले वन्यजन्तु पालन गर्न इजाजत दिन सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम इजाजत दिने निकायले मन्त्रालयले तोकेको मापदण्ड पालना भए नभएको सम्बन्धमा अनुगमन गर्न सक्नेछ ।"

१६. **मूल नियमावलीको नियम ८७ मा संशोधन** : मूल नियमावलीको नियम ८७ को,-

(१) उपनियम (२) मा रहेका "अध्ययन तथा विश्लेषण गरी मुख्य क्रियाकलाप समावेश भएको अध्ययन प्रतिवेदन" भन्ने शब्दहरूको सट्टा "अध्ययन तथा विश्लेषण र आवश्यक पर्ने वनको क्षेत्रफल किटान भएको तथा जिपिएस कोअर्डिनेटसहितको नक्सा समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (३) र (४) को सट्टा देहायका उपनियम (३) र (४) राखिएका छन् :-

"(३) यस नियम बमोजिम विकास आयोजना सञ्चालन गर्न वनक्षेत्र प्रयोग गर्नुपर्ने भएमा उपनियम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बमोजिमको प्रतिवेदन आफ्नो निकाय वा संयन्त्रबाट स्वीकृत गर्नु पूर्व सम्बन्धित डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ ।

(४) ऐनको दफा ४२ बमोजिमका आयोजनाको कार्यान्वयनको लागि राष्ट्रिय वनक्षेत्रको यकिन गर्दा त्यस्तो आयोजना वा योजनाको कार्यान्वयनको लागि स्थायी वा अस्थायी रूपमा आवश्यक पर्ने राइट अफ वे, सेक्युरिटी पेरिमिटर, हरित पेटी, निर्माण सामग्री भण्डारण, ओसारपसार र मक व्यवस्थापनका लागि पहुँच मार्ग, उत्पादित वस्तु ओसारपसारका लागि चाहिने सडक जस्ता क्षेत्र पहिचान गरी यकिन गर्नुपर्नेछ ।"

(३) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ :-

"(५) यस नियम बमोजिम वनक्षेत्र आवश्यक पर्न गई प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरी अध्ययन गर्नु पर्नेछ । त्यसरी तयार हुने वातावरणीय अध्ययन प्रतिवेदनमा डिभिजन वन कार्यालयबाट प्रमाणित भएको वनको क्षेत्रफल र रुख तथा पोलको लगत समावेश गर्नु पर्नेछ ।"

१७. **<u>मूल नियमावलीको नियम ८८ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८८ को सट्टा देहायको नियम ८८ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८८. **राष्ट्रिय वनक्षेत्र प्रयोगको लागि निवेदन दिनुपर्ने :** (१) विकास आयोजनाका लागि नियम ८७ बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदनबाट राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नुपर्ने देखिएमा विकास आयोजनाले देहायका विवरण समावेश गरी राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न स्वीकृतिको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकाय मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ :-

(क) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा त्यस्तो आयोजना नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजना वा आयोजना भएको प्रमाण, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजनाको हकमा लगानी बोर्डबाट त्यस्तो योजना स्वीकृत भएको निर्णय, राष्ट्रिय गौरवको आयोजनाको हकमा सो आयोजना राष्ट्रिय गौरवको आयोजना भएको पुष्टि गर्ने प्रमाण वा खनिजजन्य उद्योगको हकमा नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको मापदण्ड पूरा गरेको राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग भएको प्रमाण,

(ख) नियम ८७ बमोजिमको सम्भाव्यता अध्ययन प्रतिवेदन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरण परीक्षण गर्नुपर्ने विकास आयोजनाको हकमा सो सम्बन्धी स्वीकृत प्रतिवेदन,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने विकास आयोजनाको हकमा स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची,

(ङ) वनक्षेत्र आवश्यक पर्ने तथ्यपरक आधार र कारणसहितको विषयगत मन्त्रालय वा निकायको राय,

(च) प्रयोग गर्नुपर्ने राष्ट्रिय वनको यकिन स्थान, क्षेत्रफल, चारकिल्ला, विवरण र जिपिएस कोअडिनेटसहितको नक्सा,

(छ) नेपाल सरकारको निकाय वा नेपाल सरकारको अधिकांश स्वामित्वमा रहेको निकाय वा निजी क्षेत्रको स्वामित्वको आयोजना भए त्यस्तो स्वामित्व खुल्ने कागजात,

(ज) विकास आयोजनासँग सम्बन्धित अन्य आवश्यक कागजात।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लगानी बोर्डबाट स्वीकृत हुने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

योजनाको हकमा सो बोर्ड मार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४२ को उपदफा (२) बमोजिम प्रदेश सरकार आफैं वा मातहतका निकायबाट वा स्थानीय तहले सञ्चालन गर्ने प्राथमिकता प्राप्त आयोजना वा योजनाको लागि उपनियम (१) को खण्ड (ख), (च) र (ज) मा उल्लिखित कागजात, वनक्षेत्र अवश्यक पर्ने तथ्यपरक आधार र कारणसहितको प्रदेशको विषयगत मन्त्रालयको राय तथा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनका अतिरिक्त प्रदेश वा स्थानीय तहको प्राथमिकता प्राप्त आयोजना हो भनी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय संलग्न राखी प्रदेशको सम्बन्धित विषयगत मन्त्रालयले प्रदेश मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।"

१८. **<u>मूल नियमावलीको नियम ८९ मा संशोधन</u>** : मूल नियमावलीको नियम ८९ को सट्टा देहायको नियम ८९ राखिएको छ :-

**"८९. <u>विवरण उपलब्ध गराउने</u>**: (१) विकास आयोजनाको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न स्वीकृतिको लागि माग भईआएमा मन्त्रालयले स्थलगत भेरिफिकेसनको लागि विभागमा लेखी पठाउनेछ ।

(२) उपनियम (१) बमोजिम स्थलगत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भेरिफिकेसनको लागि लेखि आएमा विभागले स्थलगत भेरिफिकेसन गरी अनुसूची-४९क. बमोजिमको ढाँचामा रायसहितको विवरण पेस गर्न सम्बन्धित प्रदेश मन्त्रालय मार्फत डिभिजन वन कार्यालयमा लेखी पठाउनेछ ।

(३) नियम ८८ को उपनियम (३) बमोजिम प्रदेश मन्त्रालयमा आयोजनासँग सम्बन्धित कागजात प्राप्त भएपछि स्थलगत भेरिफिकेसन गरी अनुसूची-४९क. बमोजिमको ढाँचामा रायसहितको विवरण पेस गर्न सम्बन्धित डिभिजन वन कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(४) उपनियम (२) वा उपनियम (३) बमोजिम अनुसुची-४९क. बमोजिमको ढाँचामा विवरण माग भइआएमा सम्बन्धित डिभिजन वन कार्यालयले स्थलगत रूपमा भेरिफिकेसन गरी सोही अनुसूची बमोजिमको ढाँचामा विवरण र अनुसूची-५० बमोजिमको ढाँचामा विकास आयोजना कार्यान्वयन गर्दा वनक्षेत्रबाट हटाउनु पर्ने लगत विवरण सम्बन्धित विकास आयोजनाको सहयोगमा तयार गरी माग भएको राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपभोक्ता समूहको व्यवस्थापनमा रहेको भए उपभोक्ता समूहको कार्य समितिको निर्णय तथा विकास आयोजना अनुसार अन्य विवरण आवश्यक भए सोसमेत संलग्न राखी सम्बन्धित प्रदेश मन्त्रालयमा पठाउनु पर्नेछ र सो मन्त्रालयले त्यस्तो विवरण विभागमा पठाउनु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. **मूल नियमावलीमा नियम ८९क. थप** : मूल नियमावलीको नियम ८९ पछि देहायको नियम ८९क. थपिएको छ :-

"८९क. **स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पेस गर्नुपर्ने** : नियम ८८ को उपनियम (१) बमोजिम निवेदन पेस गर्ने विकास आयोजनाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भएमा नियम ८९ बमोजिमको विवरण विभागमा प्राप्त हुँदाको बखतमा प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराई विभागमा पेस गर्नु पर्नेछ।"

२०. **मूल नियमावलीको नियम ९० मा संशोधन** : मूल नियमावलीको नियम ९० को,-

(१) उपनियम (१) मा रहेका "डिभिजन वन कार्यालयबाट" भन्ने शब्दहरू झिकी "नियम ८९ बमोजिम" भन्ने शब्दहरू पछि "प्रदेश मन्त्रालयबाट" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपनियम (२) मा रहेका "र त्यसमा रहेका रूख बिरुवा हटाउन दिन" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) उपनियम (३) मा रहेका "हटाउनु पर्ने रुख बिरुवाको सङ्ख्या" भन्ने शब्दहरू झिकी सोही उपनियममा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, मन्त्रिपरिषद्" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपनियम (३) पछि देहायका उपनियम (३क) र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३ख) थपिएका छन् :-

"(३क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुनुभन्दा अगाडि तत्काल प्रचलनमा रहेको कानून बमोजिम रुख तथा पोल वा बल्लाबल्लीको लगत लगायतका विवरण तयार गरी डिभिजन वन कार्यालयबाट स्थलगत भेरिफिकेसन भएका आयोजनाको हकमा विभागबाट कारबाही अगाडि बढाई उपनियम (३) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई विभागसँग सम्झौता गर्न सकिनेछ ।

(३ख) संवत् २०८२ साल साउन १४ गतेभन्दा अगाडि सम्झौता भइसकेका आयोजनाको हकमा सम्झौतामा वनक्षेत्र प्रयोग गरे बापत रकम जम्मा गर्ने उल्लेख भएकोमा सोही सम्झौता बमोजिम रुख र पोलको छपान लगत अद्यावधिक गरिएको सङ्ख्याको आधारमा कोषमा जम्मा हुने रकमको निर्धारण गर्नु पर्नेछ ।"

२१. **<u>मूल नियमावलीको नियम ९१ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९१ को सट्टा देहायको नियम ९१ राखिएको छ :-

"९१. **<u>विकास आयोजनाले वनक्षेत्र कायम गर्ने प्रयोजनको लागि सट्टा भर्ना स्वरूप उपलब्ध गराएको जगगाको व्यवस्थापन</u>** : (१) संवत् २०८२ साल साउन १४ गतेभन्दा अगाडि विकास आयोजनाले वनक्षेत्रको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गा प्रयोग गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट जग्गा सट्टा लिने गरी निर्णय भएकोमा वा विभागसँग सम्झौता भएकोमा त्यस्तो आयोजना वा उद्योगको हकमा सोही निर्णय अनुरूप यो नियम प्रारम्भ हुनु अघि प्रचलनमा रहेको नियम बमोजिम जग्गा सट्टा लिन सकिनेछ ।

(२) यो नियम प्रारम्भ हुनु अघि प्रचलनमा रहेको कानून बमोजिम सञ्चालन भएको विकास आयोजना वा उपनियम (१) बमोजिमका आयोजनाले वनक्षेत्र प्रयोग गरे बापत सट्टा भर्ना स्वरूप उपलब्ध गराउने जग्गा सम्बन्धित डिभिजन वन कार्यालयले वनक्षेत्र कायम गर्ने प्रयोजनको लागि पहिले विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित गरी तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गर्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गा सम्बन्धित विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित गर्नु पर्नेछ र यसरी विकास आयोजनाको नाममा रजिस्ट्रेसन पारित भए पछि तत्काल नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गरी राष्ट्रिय वनक्षेत्र कायम गरी सोको अभिलेख राख्नु पर्नेछ र सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालय तथा सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) बमोजिम राष्ट्रिय वनक्षेत्र कायम भएपछि सम्बन्धित मालपोत कार्यालयले सो जग्गाको मालपोतको लगत र स्थानीय तहले सो जग्गाको करको लगत तत्कालै कट्टा गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम राष्ट्रिय वनक्षेत्र कायम भएको जग्गाको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले विभाग मार्फत मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(६) यस नियम बमोजिम राष्ट्रिय वनक्षेत्र कायम भएको जग्गाको विवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।"

२२. **मूल नियमावलीको नियम ९३ मा संशोधन :** मूल नियमावलीको नियम ९३ को सट्टा देहायको नियम ९३ राखिएको छ :-

"**९३. रकम जम्मा गर्नुपर्ने :** (१) ऐनको दफा ४२ को उपदफा (१) बमोजिम विकास आयोजनाले देहायको रकम कोषमा जम्मा गर्नु पर्नेछ :-

(क) ऐनको दफा ४२ को उपदफा (४) बमोजिम निजी जग्गाको व्यवस्था गर्नको लागि आवश्यक पर्ने अनुसूची-५१ बमोजिमको रकम।

(ख) खण्ड (क) बमोजिमको जग्गामा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्भार गर्न र आयोजना सञ्चालन गर्दा हटाइने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने अनुसुची-५१क. बमोजिमको रकम ।

(२) ऐनको दफा ४२ को उपदफा (५) बमोजिमको आयोजनाले जति वनक्षेत्र प्रयोग गर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्न अनुसूची-५१क. बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) ऐनको दफा ४२ को उपदफा (६) बमोजिम विद्युत प्रसारण वा वितरण र सञ्चार सेवा आयोजनाको हकमा राष्ट्रिय वनको कुनै भागमा टावर राख्नुपर्ने भएमा त्यस्तो टावरले ओगटेको क्षेत्र (टावर प्याड) को लागि ऐनको दफा ४२ को उपदफा (४) बमोजिम निर्धारित रकमको दश प्रतिशत रकम तथा त्यस्तो प्रसारण लाइन वा विद्युत मार्गको अधिकार क्षेत्र (राइट अफ वे) बराबरको क्षेत्रमा वृक्षारोपण गर्न र हटाइने रुखको पाँच गुणाको दरले वृक्षारोपण गरी पाँच वर्षसम्म रुख हुर्काउन र सम्भार गर्नको लागि आवश्यक पर्ने अनुसूची-५१क. बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) ऐनको दफा ४२ बमोजिमका आयोजनाले नियम ८७ को उपनियम (४) बमोजिम अस्थायी रूपमा प्रयोग गर्नुपर्ने वनक्षेत्र बापत अनुसूची-३८ बमोजिमको रकम सङ्घीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम अस्थायी प्रयोजनका लागि लिइएको जग्गाको प्रयोजन सकिए पछि विकास आयोजनाले वन पुनर्स्थापनाको कार्य आफैंले गरी डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ र आफैंले गर्न नसक्ने भएमा वन पुनर्स्थापना बापतको विभागले निर्धारण गरेको अनुमानित लागत रकम कोषमा जम्मा गर्नु पर्नेछ।"

२३. **<u>मूल नियमावलीको नियम ९४ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९४ को उपनियम (१क) पछि देहायका उपनियम (१ख) र (१ग) थपिएका छन् :-

"(१ख) उपनियम (१) बमोजिमको सम्झौता गर्नु अघि विभागले आयोजना सञ्चालनको क्रममा हटाउनुपर्ने रुख बिरुवाको विवरण मन्त्रालयमा पठाई मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(१ग) उपनियम (१) बमोजिमको सम्झौता गरेको जानकारी विभागले प्रदेश मन्त्रालयमा दिनु पर्नेछ।"

२४. **<u>मूल नियमावलीको नियम ९५ मा संशोधन</u>** : मूल नियमावलीको नियम ९५ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसकेको कारणबाट सम्झौता बमोजिमको सर्त पालना नगरेको वा नियम ९३ को उपनियम (१) बमोजिमको रकम जम्मा नगरेको भएमा उपनियम (३) बमोजिमको रकम जम्मा गर्दा सो रकम समेत एकमुष्ट कोषमा जम्मा गर्नु पर्नेछ।"

(२) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छ :-

"(६) उपनियम (५) बमोजिम अनुगमन गर्दा सट्टाभर्ना बापतको जग्गामा वृक्षारोपण नगरिएको वा आंशिक रूपमा मात्र गरिएको वा वनक्षेत्रको जग्गा प्रयोग गर्दा हटाइएका रुख बिरुवा बापतको वृक्षारोपण नगरिएको वा आंशिक रूपमा मात्र गरिएको पाइएमा नियम ९३ को उपनियम (१) बमोजिम हुने रकमको हिसाब गरी त्यस्तो विकास आयोजनालाई विभागले सोको समेत लगत कायम गरी त्यस्तो रकम कोषमा जम्मा गर्न लगाउनु पर्नेछ।"

२५. **मूल नियमावलीको नियम ९९ मा संशोधन** : मूल नियमावलीको नियम ९९ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) ऐनको दफा ४२ को उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त खनिजजन्य उद्योग सञ्चालन गर्न वा ऐनको दफा ४३ को उपदफा (१) बमोजिम गरिएको अन्वेषणको आधारमा सो दफाको उपदफा (२) बमोजिम सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ उत्खनन गर्नका लागि माग भई आएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।"

(२) उपनियम (२) को खण्ड (छ) मा रहेका "साधारण सभाको" भन्ने शब्दहरूको सट्टा "उपभोक्ता समूहको कार्य समितिको" भन्ने शब्दहरू राखी सोही खण्ड पछि देहायको खण्ड (ज) थपिएको छ :-

"(ज) नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको मापदण्ड पूरा गरेको भनी खनिज पदार्थ उत्खनन गर्न चाहेको आधिकारिक व्यक्तिले गरेको स्वघोषणा ।"

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) ऐनको दफा ४३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा नेपाल सरकारले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकेको मापदण्ड पूरा गरेका राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका लागि आवश्यक कच्चा पदार्थ उत्खनन गर्न निवेदन दिँदा उपनियम (२) मा उल्लिखित कागजातका अतिरिक्त देहाय बमोजिमका कागजात पेस गर्नु पर्नेछ :-

(क) लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौतासहित बोर्डको निर्णय,

(ख) राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात।"

२६. **<u>मूल नियमावलीको नियम १०० मा संशोधन</u>** : मूल नियमावलीको नियम १०० को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) उपनियम (२) बमोजिम खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त भएपछि खनिज पदार्थ उत्खनन गर्नेले नियम ९३ बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ।"

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(५) उपनियम (३) बमोजिमको रकम र उपनियम (४) बमोजिमको योजना प्राप्त भएपछि मापदण्डमा उल्लिखित विषय र नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयमा उल्लिखित सर्तको अधीनमा रही विभागले त्यस्तो खनिज पदार्थ उत्खनन गर्नका लागि स्वीकृति प्राप्त गरेको निकायसँग सम्झौता गरी अनुसूची-५२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।"

(३) उपनियम (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ:-

"तर संवत् २०८० साल साउन ३२ गतेभन्दा अगाडि तिर्न बुझाउन बाँकी रहेको रकमको हकमा सो मितिभन्दा अगाडि कायम रहेको निर्धारित दर बमोजिम नै रकम तिर्नु बुझाउनु पर्नेछ ।"

(४) उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएको छ :-

"(८) खनिज पदार्थ उत्खनन कार्यको अनुगमन तथा नियमन सम्बन्धित उद्योग र डिभिजन वन कार्यालयको सहभागितामा खानी तथा भू-गर्भ विभागले वार्षिक रूपमा गर्नु पर्नेछ र सोको प्रतिवेदन विभाग र सम्बन्धित प्रदेश मन्त्रालयमा समेत पठाउनु पर्नेछ।"

(५) उपनियम (९) मा रहेका "निर्देशनालय वा डिभिजन वन कार्यालयले" भन्ने शब्दहरूको सट्टा "विभाग वा प्रदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालय वा निर्देशनालय वा डिभिजन वन कार्यालयले" भन्ने शब्दहरू राखिएका छन् ।

२७. **मूल नियमावलीको नियम १०२ मा संशोधन** : मूल नियमावलीको नियम १०२ को सट्टा देहायको नियम १०२ राखिएको छ :-

"१०२. **रुख हटाउने सम्बन्धी व्यवस्था** : (१) नियम ९४ को उपनियम (१) वा नियम १०० को उपनियम (५) बमोजिमको सम्झौता डिभिजन वन कार्यालयमा प्राप्त भएपछि डिभिजन वन कार्यालयले त्यस्तो आयोजना वा उद्योग सञ्चालनका लागि हटाउनु पर्ने रुखको छपान मूल्याङ्कन गरी कटान इजाजत उपलब्ध गराउनु पर्नेछ। रुखको छपान मूल्याङ्कन कार्यका लागि सम्बन्धित निकायले आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गराउनु पर्नेछ।

(२) ऐनको दफा ४२ वा ४३ बमोजिम विकास आयोजना वा उद्योगलाई प्रयोग गर्न दिइएको वनक्षेत्रमा त्यस्तो आयोजना वा उद्योग सञ्चालनको क्रममा सम्झौतामा उल्लेख भएभन्दा बढी रुख हटाउनु पर्ने भएमा विभागले आवश्यक जाँचबुझ गर्दा स्वीकृति प्राप्त हटाउने रुख सङ्ख्याको दश प्रतिशतभन्दा बढी थप रुख हटाउनु पर्ने देखिएमा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो रुख हटाउन स्वीकृति दिन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) ऐनको दफा ४२ बमोजिम स्वीकृति प्राप्त भएका वा वन ऐन, २०४९ प्रारम्भ हुनु अघि नेपाल सरकारबाट राइट अफ वे कायम भएका सडक वा नहर विस्तारको क्रममा राईट अफ वे भित्रका रुख हटाउनु पर्ने भएमा सम्बन्धित निकायको सिफारिसमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो रुख हटाउन स्वीकृति दिन सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिमको स्वीकृति प्राप्त भए पछि त्यस्तो आयोजना वा उद्योगले उपनियम (२) वा (३) बमोजिमका थप रुख बापत नियम ९३ बमोजिम लाग्ने थप रकम कोषमा जम्मा गर्नु पर्नेछ।"

२८. **<u>मूल नियमावलीको नियम १०३ मा संशोधन</u>** : मूल नियमावलीको नियम १०३ को,-

(१) उपनियम (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर त्यस्ता रुखहरू छपान मूल्याङ्कनको आधारमा एक तह माथिको निकायको स्वीकृति लिई डिभिजन वन अधिकृतले खडै अवस्थामा लिलाम बिक्री गर्न बाधा पर्ने छैन।"

(२) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(७) यस नियमावली बमोजिम रुखहरू हटाउँदा भवितव्यजन्य कारणले अनुमति प्राप्त रुख बिरुवा बाहेक अन्य रुख बिरुवामा हानि नोक्सानी हुन गएमा डिभिजन वन कार्यालयले गरेको मूल्याङ्कनको आधारमा विभागले निर्धारण गरेको त्यस्तो हानि नोक्सानी बापतको रकम त्यस्तो विकास आयोजना वा उद्योगले कोषमा जम्मा गर्नु पर्नेछ ।"

२९. **मूल नियमावलीको नियम १०५ मा संशोधन** : मूल नियमावलीको नियम १०५ मा रहेको "आयोजनाले" भन्ने शब्दको सट्टा "आयोजना वा उद्योगले" भन्ने शब्दहरू राखिएका छन् ।

३०. **मूल नियमावलीको नियम १०८ मा संशोधन** : मूल नियमावलीको नियम १०८ को उपनियम (४) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४), (५) र (६)" भन्ने शब्दहरू राखिएका छन् ।

३१. **मूल नियमावलीमा नियम १२६क. थप** : मूल नियमावलीको नियम १२६ पछि देहायको नियम १२६क. थपिएको छ :-

"**१२६क. अन्य प्रभावकारी उपाय सम्बन्धी व्यवस्था** : राष्ट्रिय वनको कुनै क्षेत्रभित्र वा संरक्षित क्षेत्र बाहिरको सार्वजनिक वा निजी क्षेत्रभित्र जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्रमा जैविक विविधता संरक्षण तथा व्यवस्थापनका लागि मन्त्रालयबाट निर्धारित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मार्गदर्शन बमोजिम विभागले अन्य प्रभावकारी उपाय पहिचान गरी सरोकारवाला निकायको सहभागिता हुने गरी व्यवस्थापन गर्न गराउन सक्नेछ ।"

३२. **मूल नियमावलीको नियम १३५ मा संशोधन** : मूल नियमावलीको नियम १३५ को उपनियम (२) मा रहेका "तथ्याङ्क वा विवरण" भन्ने शब्दहरू पछि "विभागले तोकेको अवधिभित्र विभागबाट निर्धारित ढाँचामा" भन्ने शब्दहरू थपिएका छन् ।

३३. **मूल नियमावलीमा नियम १३५क. थप** : मूल नियमावलीको नियम १३५ पछि देहायको नियम १३५क. थपिएको छ :-

"१३५क. **विद्युतीय माध्यमबाट कार्य सम्पादन गर्न सकिने** : ऐन तथा यस नियमावलीको अधीनमा रही काठ दाउराको लिलाम बिक्री सम्बन्धी र विकास आयोजनालाई वनक्षेत्रको प्रयोगको स्वीकृति सम्बन्धी कार्यसम्पादन विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ ।"

३४. **खारेजी र बचाउ** : (१) मूल नियमावलीको नियम ९२ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज भएको नियम बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३५. मूल नियमावलीको अनुसूचीमा संशोधन : मूल नियमावलीको,-**

(१) अनुसूची-३८ को अनुसूची शीर्षकमा रहेका "नियम ७० को उपनियम (१)" भन्ने शब्दहरू पछि ", नियम ९३ को उपनियम (४)" भन्ने शब्दहरू थपिएका छन् ।

(२) अनुसूची-४९ पछि संलग्न बमोजिमको अनुसूची-४९क. थपिएको छ ।

(३) अनुसूची- ५० को अनुसूची शीर्षकमा रहेका "नियम ८९ को उपनियम (२) को खण्ड (ख) सँग सम्बन्धित" भन्ने शब्दहरूको सट्टा "नियम ८९ को उपनियम (४) सँग सम्बन्धित" भन्ने शब्दहरू राखिएका छन् ।

(४) अनुसूची-५१ को अनुसूची शीर्षकमा रहेका "नियम ९३ को उपनियम (१)" भन्ने शब्दहरू पछि "को खण्ड (क)" भन्ने शब्दहरू थपिएका छन् ।

(५) अनुसूची- ५१क. को,-

(१) अनुसूची शीर्षकमा रहेका "नियम ९३ को उपनियम (४) सँग सम्बन्धित" भन्ने शब्दहरूको सट्टा "नियम ९३ को उपनियम (१) को खण्ड (ख), उपनियम (२) र (३) सँग सम्बन्धित" भन्ने शब्दहरू राखिए का छन् ।

(२) द्रष्टव्यको क्रमसङ्ख्या २ मा रहेका "नियम ९३ को उपनियम (५) बमोजिम लागत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुमान गर्दा" भन्ने शब्दहरू झिकिएका छन्।

(३) द्रष्टव्यको क्रमसङ्ख्या २ पछि देहायको क्रमसङ्ख्या ३ थपिएको छ :-

"३. विकास आयोजना सञ्चालनको लागि हटाइने रुखको ५ गुणाको दरले हुने आउने सङ्ख्यालाई १६०० ले भाग गरी हेक्टर कायम गरी हुन आएको क्षेत्रफलका आधारमा उल्लिखित तालिका बमोजिम कोषमा जम्मा हुने रकमको गणना गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## "अनुसूची-४९क.

(नियम ८९ को उपनियम (२) (३) र (४) सँग सम्बन्धित)

## राष्ट्रिय वनको जग्गा प्रयोगको लागि माग भएको जग्गाको भेरिफिकेसन फाराम

१. **आयोजना सम्बन्धी जानकारी**

(क) प्रस्तावकको नाम :

(ख) सम्पर्क नं :

(ग) ठेगाना :

(घ) आयोजनाको नाम :

(ङ) आयोजना सञ्चालन हुने प्रदेश र जिल्ला :

(च) आयोजनाको किसिम (सङ्घीय सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकारको अधिकांश लगानी भएको निकायमध्ये कुन हो सो खुलाउने) :

(छ) आयोजना सञ्चालन हुने गाउँपालिका/नगरपालिको नाम र वडा नं. :

(ज) आयोजनाको संक्षिप्त विवरण :

२. **माग भएको राष्ट्रिय वनको विवरण**

(क) वनको नाम :

(ख) प्रयोग गरिने वनको व्यवस्थापन पद्धति (सरकारद्वारा व्यवस्थित, सामुदायिक, साझेदारी, धार्मिक, कवुलियतीमध्ये कुन हो वा एकभन्दा बढी भएको भए सो समेत खुलाउने)

(ग) चारकिल्ला : पूर्व : पश्चिम : उत्तर : दक्षिण :

(घ) वनको क्षेत्रफल (एकभन्दा वढी व्यवस्थापन पद्धति भएमा व्यवस्थापन पद्धति अनुसार हेक्टरमा उल्लेख गर्ने) :

(ङ) वनको प्रकार :

(च) प्रयोग गरिने वनको सर्वे नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(छ) प्रयोग गरिने वनको जिपिएस कोअर्डिनेटसहितको नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :

(ज) प्रयोग गरिने वनको गुगल नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :

(झ) सम्भव भएमा प्रयोग गरिने वनको नापी नक्सा (छुट्टै संलग्न राख्नुपर्ने) :

(ञ) दुर्लभ/लोपोन्मुख वन्यजन्तु र वनस्पतिको प्रजाति पाइने भएमा सो उल्लेख गर्ने :

(ट) लोपोन्मुख वन्यजन्तुको प्रमुख वासस्थान भएको र सङ्कटापन्न वनस्पति रहने क्षेत्र, रामसारमा सूचीकृत क्षेत्र, सांस्कृतिक वा धार्मिक हिसाबले महत्त्व रहेको क्षेत्र र वैज्ञानिक महत्त्वको क्षेत्र हो भने सो खुलाउने :

(ठ) प्रयोग गरिने वनको पारिस्थितिकीय प्रणालीको संक्षिप्त विवरण :

(ड) राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिन मिल्ने वा नमिल्ने सम्बन्धमा यकिन रायसहितको सिफारिस (प्रचलित कानून र माथिको तथ्यको आधारमा विश्लेषणसमेत गरी दिन मिल्ने वा नमिल्ने व्यहोरा र कारणसहित छोटकरीमा उल्लेख गर्ने/ विस्तृत रूपमा उल्लेख गर्न परेमा अलग्गै पेजमा उल्लेख गरी संलग्न गर्न सकिने) :

३. **राय सहितको सिफारिस गर्ने पदाधिकारीहरुको विवरण**

| ***पदाधिकारीहरू*** | ***वन उपभोक्ता समूहको अध्यक्ष (उपभोक्ता समूहको वन पर्ने भएमा मात्र)*** | ***आयोजनाको प्रमुख*** | ***डिभिजनल वन अधिकृत*** |
|---|---|---|---|



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| नाम : | | | |
|---|---|---|---|
| हस्ताक्षर | | | |
| मिति : | | | |
| कार्यालयको छाप : | | | |

४. **भेरिफिकेसन विवरण तयार गर्न सहयोग गर्ने कर्मचारीहरूको विवरण**

| क्रमसङ्ख्या | कर्मचारी तथा प्रतिनिधिको नाम | पद | हस्ताक्षर | मिति |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

द्रष्टव्य: १. यो विवरण नेपाली कागजमा तयार गर्नु पर्नेछ।
२. यो विवरण प्रदेश मन्त्रालयको सचिवबाट प्रमाणित भएको हुनु पर्नेछ। "

**आज्ञाले,**
**डा. गोविन्द प्रसाद शर्मा**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।